# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०७८/७९
च.न.
मिति:...................

परामर्शदाता (consultant) इन्जिनियर आवश्यता सम्वन्धी सूचना ।

**दोस्रो पटक प्रकाशित मितिः २०७८/११/१६**

नेपाल सरकार खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभागको पहलमा स्थानीय तहहरुको WASH Plan तयार पार्ने सन्दर्भमा असार मसान्त सम्मका लागि १ जना परामर्शदाता इन्जिनियर आवश्यक परेकोले राप्ती नगरपालिकाबाट मिति २०७८।९।२९ मा प्रथम पटक सूचना प्रकाशन गरिएकोमा रितपुर्वक आवेदन नपरेका कारण पुनः देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ। योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा (दरखास्त दिने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सम्म ) यस कार्यालयको माग बमोजिम विवरण र राजस्व तिरेको रसिद सहित दरखास्त पेश गर्नहुन सम्वन्धित सबैमा जानकारीको लागि दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन नं : ०३/०७८/०७९

माग पद संख्या : १

परीक्षा दस्तुर : रु १०००।

शैक्षिक योग्यताः मान्यता प्राप्त विश्वविद्यालबाट सिभिल इन्जिनियरिङमा स्नातक तह उतिर्ण गरेको वा विदेशमा अध्ययन गरेको हकमा सो सरह समकक्षता प्राप्त गरेको ।

सर्तहरू : WASH क्षेत्रमा कम्तिमा ३ महिनाको अनुभव भएको, परामर्शदाता संग आफ्नो Laptop र Tablet वा Smart Phone अनिवार्य हनपर्ने, परामर्शदाता इन्जिनियर संग तथ्यांङ्क संकलनका लागी मोबाइल एप्पको पूर्ण जानकारी हनपर्ने । NWASI-IIS एप्प प्रयोग सम्वन्धि ज्ञान भएकोलाई प्राथमिकता दिईनेछ ।

कामको विवरणः NWASH-Application का विभिन्न मोडूयल मार्फत खानेपानी तथा सरसफाई योजना निर्माणको सबै तथ्यांक संकलन गर्ने । आयोजनाको प्राथमिकता निर्धारण गरी NWASH पविस्ट गराउने, खानपानी सरसफाई र स्वच्छता योजना NWASHI PLAN निर्माण सम्वन्धी अन्य सम्पूर्ण कार्य गर्ने ।

दरखास्त फारम पाइने स्थान : राप्ती नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भण्डारा, चितवन ।

दरखास्त दिने स्थान र अन्तिम मिति : दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र ।

संलग्न हुनपर्ने कागजात : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता र कार्यअनुभवको प्रमाणपत्रको प्रतिलिपि, फोटो र बायोडाटा ।

सेवा सुविधा : WASH plan तयारी खर्च निर्देशिका बमोजिम हुनेछ ।

उमेरको हद : १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको, (अपाङ र महिलाको हकमा ४० वर्ष सम्म)

छनौटको किसिमः राप्ती नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७४ बमोजिम हुनेछ ।

अन्तर्वार्ताको मितिः पछि प्रकाशन गरिनेछ ।

२०७८/११/१६
गंगा बहादुर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

☎:०५६-५५००१५ । इमेल : rraptimunicipality42@gmail.com | वेबसाइट : www.raptimun.gov.np

Scanned with CamScanner